का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १५२
❒ २ साउन २०७८, शनिबार
❒ 17 July 2021, Saturday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

# भए एकता, नभए नरोकिने

पार्टी एकता जोगाउन दश बुँदे सहमति जुटेपनि अध्यक्ष केपी शर्मा ओलीले बरिष्ठ नेता माधवकुमार नेपाल समूहको अनुपस्थितिमा स्थायी कमिटी र संसदीय दलको बैठक राखेका छन् । दश बुँदे अनुमोदन समेत गरेर ओलीले भए पार्टी एकता गर्ने, नभए पनि नरोकिने सन्देश दिएका छन् ।



**सन्दीप विक/मध्यान्ह**
काठमाडौं, १ साउन ।

पार्टी एकता जोगाउनेगरी कार्यदलले तयार पारेको दश बुँदे सहमति नेकपा एमालेले अनुमोदन गरेको छ । शुक्रबार बिहान ललितपुरस्थित च्यासलमा बसेको स्थायी कमिटी बैठकले दश बुँदे सहमति अनुमोदन गरेको हो । अध्यक्ष केपी शर्मा ओली तर्फका नेताहरुको मात्रै सहभागित रहेको बैठकले दश बुँदे सहमति अनुमोदन गरेको हो । यो बैठकले कार्यदल विघटन पनि गरेको छ ।

गएको २ जेठमा पार्टी एकता जोगाउन अध्यक्ष ओली र बरिष्ठ नेता माधवकुमार नेपाल समूहका तर्फबाट पाँच/पाँच सदस्य रहनेगरी कार्यदल बनेको थियो । कार्यदलमा ओली तर्फबाट सुवास नेम्वाङ, विष्णुप्रसाद पौडेल, शंकर पोखरेल, शंकर पोखरेल र विष्णु रिमाल र नेता नेपालका तर्फबाट भीम रावल, घनश्याम भूसाल, सुरेन्द्र पाण्डे, गोकर्ण बिष्ट र रघुजी पन्त सदस्य थिए ।

कार्यदलले गत असार २७ गते आन्तरिक विवाद मिलाउन १० बुँदे सहमति जुटाएको थियो । एमाले सचिव प्रदीप ज्ञवालीले १० बुँदे सहमतिलाई अनुमोदन गर्दै सिर्जनात्मक र रचनात्मक कार्यान्वयन गर्ने निर्णय गरेको ज्ञवालीले बताए ।

बैठकले सरकारलाई पार्टीको समर्थन नरहने र विश्वासको मत नदिने निर्णय गरेको छ। "पार्टीका तर्फबाट निर्वाचित प्रतिनिधिसभाका सदस्यलाई वर्तमान सरकारलाई विश्वासका नदिने पार्टीको निर्णय पालना गर्न निर्देशन दिएका छौं" ज्ञवालीले भने । यो बैठक रोक्न माधव समूहले आग्रह गरेको थियो । बैठक रोक्न माधव नेपाल तर्फबाट कार्यदलमा रहेका नेताहरु बैठकस्थल च्यासल पुगेका थिए ।

पार्टी एकता जोगाउन सहमति बैठक राख्नुपर्ने आग्रह गर्दै नेताहरु बैठक स्थल पुगेका थिए । तर अध्यक्ष ओलीले बैठक रोक्न नमानेपछि माधव समूहका नेताहरु बाहिरिएका थिए । माधव समूहले सहमतिमा स्थायी कमिटी बैठक राखेर अगाडि बढ्नुपर्ने अडान लिएको छ । तर ओलीले भने पूर्वमाओवादी तर्फका नेताहरु सहितको बैठकमा जोड दिदै आएका छन् ।

"सधौंभर पार्टी बैठक रोक्न नसक्ने भएपछि आज (शुक्रबार) को बैठक शुरु गरिएको हो । भीम रावल कमरेडले बैठक रोक्नु भनेपछि हामीले यसअघिका बैठक रोकेका हौं" ज्ञवालीले भने, बाँकी पृष्ठ २ मा

## अल्पमतको सरकार: ओली

काठमाडौं/मस- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सर्वोच्च अदालतको आदेशको फैसलाले दलीय संरचना समाप्त पार्ने बताएका छन् । नयाँ वानेश्वरस्थित संसद् भवनमा एमालेको संसदीय दलको बैठकलाई सम्बोधन गर्दै ओलीले दलबाट निर्वाचित सांसदलाई दलीय ह्वीप नलाग्ने आदेश दिनु गलत भएको बताए ।

किर्ते कागजलाई मान्यता दिएर अल्पमतलाई सरकार बनाउन परमादेश दिएको भन्दै आलीले आफूले पुनः जनादेशबाट सरकारको नेतृत्व गर्ने बताए । सर्वोच्चको आदेशअनुसार नै आफू अब संसद्मा रचनात्मक प्रतिपक्षको भूमिका खेल्ने ओलीले बताए ।

एमालेका प्रमुख सचेतक विशाल भट्टराईलका अनुसार बाढी र पहिरोबाट पीडित भएकाको क्षतिपूर्ति र घाइतेको निःशुल्क उपचार गर्न सरकारसँग माग गरिएको छ । बैठकले यस्तै कोरोना भाइरस विरुद्धको खोप सबै नागरिकलाई उपलब्ध गराउने समेत आग्रह गरेको छ । बैठकमा अध्यक्ष ओली आफ्नो नेतृत्वमा भएको सरकारले गरेका कामबारे जानकारी गराए ।

प्रमुख सचेतक भट्टराईले केही समयदेखि पार्टीका सांसद असन्तुष्ट भएर बैठकमा अनुपस्थिति रहँदै आएकोप्रति बैठकले गम्भीरतापूर्वक लिएको र कार्यदलले बुझाएको १० बुँदे सहमति कार्यन्वयन गरेर पार्टी एक ढिक्का बनाउनुपर्नेमा जोड दिए ।

असन्तुष्टि पक्षलाई समेटर अर्को बैठकमा उपस्थित गराउने प्रतिवद्धता व्यक्त गरे । सर्वोच्च अदालतको फैसलाको जनस्तरसम्म झण्डाफोर अभियान सञ्चालन गर्ने पनि बताए ।



ट्राफिक प्रहरीबाट बुटवलस्थित राजमार्गमा शारीरिक अशक्तता भएका युवालाई सहयोग । तस्वीरः भरत केसी

# चीनबाट थप १६ लाख खोप आउने

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १ साउन ।

चीन सरकारले नेपाललाई थप १६ लाख मात्रा खोप अनुदानस्वरुप उपलब्ध गराउने निर्णय गरेको छ। प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर चिनियाँ राजदूत हउ यान्छीले थप कोरोना खोप अनुदान दिने जानकारी दिएकी हुन् । चीन सरकारको हालैको उक्त निर्णय अनुसार खोप दिन लागेको राजदूत याञ्छीले बताइन् ।

परराष्ट्र मन्त्रालयको समेत कार्यभार सम्हालेका प्रधानमन्त्री देउवाले खोप सहायताका निम्ति चिनियाँ सरकारप्रति आभार प्रकट गर्दै कोभिड-१९ विरुद्धको प्रतिकार्य र पुनःआरोग्य प्राप्तिमा नेपाललाई थप सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे । त्यस अवसरमा उहाँहरूबीच नेपाल-चीन सम्बन्धका विविध विषयमा विचारविमर्श भएको थियो ।

राजदूत यान्छीले खोपसहायतालगायत अन्य माध्यमबाट पनि कोभिड-१९ महामारीविरुद्धको नेपालको लडाइँमा चीनबाट निरन्तर सहयोग हुने प्रतिबद्धता व्यक्त गर्नुभएको उक्त मन्त्रालयले बताएको छ । कोरोनाको खोप उल्लेख्य मात्रा उपलब्ध हुन नसकिरहेका बेला कोरोना संक्रमण भने स्थीर अवस्थामा देखिएको छ। गएको १६ वैशाख देखि कोरोना रोकथाम गर्न निषेधाज्ञा कायम रहँदा अहिले पनि दैनिक तीन हजारको हाराहारीमा संक्रमित थपिने गरेको छ ।

शुक्रबार मात्रै थप दुई हजार ९३६ जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ९ हजार ६१३ जनाको पीसीआर तथा चार हजार ५६९ जनाको एन्टिजेन परीक्षण गरिएकामा क्रमशः दुई हजार ६ र ९३० जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

यस अवधिमा देशभर ४३ जना संक्रमितको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । यो संख्या बिहीबार भन्दा नौ जनाले बढी हो । हालसम्म नेपालमा नौ हजार ५०६ जना संक्रमितको मृत्यु भएको छ। देशभर एक हजार ७५७ जना उपचारपछि निको भएर घर फर्किएका छन् । बाँकी पृष्ठ २ मा



चीन सरकारले थप १६ लाख मात्रा खोप अनुदानमा दिने भएको छ । चिनियाँ राजदूत होऊ याञ्छीले प्रधानमन्त्री शेरबहादुर देउवालाई थप १६ लाख खोप अनुदानमा दिने जानकारी दिएकी हुन् ।

## कतार कामदार पठाउने कम्पनी अग्रस्थानमा
# ९ कम्पनीले मात्र हजार बढी कामदार पठाए

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन

खाडी मुलुक कतार माकामदार पठाउने म्यानपावर कम्पनीहरु गत वर्ष धेरै कामदार पठाउने सूचीको अग्रस्थानमा देखिएका छन् । वैदेशिक रोजगार विभागले तयार पारेको आर्थिक वर्ष २०७७/०७८ को प्रगति विवरण अनुसार गत वर्ष वैदेशिक रोजगारीमा पठाएकामध्ये कतारमा कामदार पठाउने कम्पनीहरु अग्रस्थानमा देखिएका हुन् । गत वर्ष ९ वटा म्यानपावर कम्पनीले मात्र एक हजार बढी कामदार पठाउन सकेका छन् । अघिल्लो वर्ष एक हजारभन्दा बढी कामदार पठाउने म्यानपावर कम्पनीको संख्या गत वर्षको तुलनामा तीन गुणा बढी २७ रहेको थियो ।

विभागका अनुसार एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्स प्रा.लि. सबैभन्दा धेरै कामदार पठाएर सूचीको शीर्ष स्थानमा रहेको छ । उक्त कम्पनीले ४७ महिलासहित २ हजार ४ सय ९४ जना कामदार पठाएको छ। दोश्रो स्थानमा रहेको सान नेपाल प्रा.लि.ले २ हजार १ सय ७२ जना कामदार पठाएको छ । तेश्रो स्थानमा रहेको स्काइ स्टार रिक्रुटमेन्ट प्रा.लि.ले १ हजार ४ सय ६२ जना कामदार पठाएको छ ।

सूचीको चौथो नम्बरमा रहेको प्याराडाईज इन्टरनेशनल प्रा.लि.ले ३ सय ४ जना महिलासहित १ हजार ४ सय ४५ जना कामदार पठाएको छ । पाँचौं नम्बरमा रहेको एसओएस म्यानपावर सर्भिसेस प्रा.लि.ले १ हजार ४ सय २९ जना कामदार पठाएको छ । सूचीको छैठौं नम्बरमा रहेको भिजन एण्ड भ्यालु ओभरसीज प्रा.लि.ले १ हजार ३ सय ५५ जना कामदार पठाएको छ । सातौं नम्बरमा रहेको दि रिभर ओभरसीज प्रा.लि.ले २ सय ७४ महिलासहित १ हजार ३ सय १० जना कामदार पठाएको छ । आठौं नम्बरमा रहेको अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.ले १ हजार २ सय ३३ जना कामदार पठाएको छ ।

नवौं नम्बरमा रहेको अल समित म्यानपावर कम्पनी प्रा.लि.ले १ हजार १ सय ३९ जना कामदार पठाएको छ। दशौं नम्बरमा रहेको इन्टरनेशनल म्यानपावर प्रा.लि.ले ९ सय २० जना कामदार पठाएको छ । सूचीको एघारौं नम्बरमा रहेको लक्की एचआर सोलुसन प्रा.लि.ले ७ सय ३७ जना कामदार पठाएको छ ।

त्यस्तै सूचीको बाह्रौं नम्बरमा रहेको मोभिरा रिक्रुटमेन्ट कन्सल्ट्यान्सी प्रा.लि.ले ६ सय ९२ जना कामदार पठाएको छ । तेह्रौं सूचीमा रहेको फजल इन्टरनेशनल प्रा.लि.ले ६ सय ४६ जना कामदार पठाएको छ। चौधौं नम्बरमा रहेको सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.ले ६ सय ५ जना कामदार पठाएको छ । पन्ध्रौं नम्बरमा रहेको अल आक्स्माक्स प्रा.लि.ले ५ सय बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगारीमा जाने श्रमिकलाई खोपको सुनिश्चित गर्न आग्रह

**काठमाडौं/रासस–** राष्ट्रिय मानव अधिकार आयोगले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकका लागि गन्तव्य देशमा जानु अगाडि स्वदेशमै एक पटकमात्र लगाए हुने खोपको व्यवस्था गर्न सरकारसँग आग्रह गरेको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा गन्तव्य मुलुकले समेत मान्यता दिएको कोभिड-१९ को जोखिमबाट बच्न सकिने खोप लगाउने वा अन्य वैकल्पिक व्यवस्था गर्न आग्रह गरिएको छ। गन्तव्य मुलुकमा नेपाली श्रमिकलाई पर्नसक्ने कठिनाइको न्यूनीकरणका लागि आवश्यक सहजीकरण गरी नेपाली श्रमिकको मानव अधिकारको संरक्षण गर्नुपर्नेमा जोड दिइएको छ ।

श्रम गन्तव्य मुलुकहरूमा कोभिड-१९ महामारी नियन्त्रणका सम्बन्धमा उल्लेखित व्यवस्थाका कारण वैदेशिक बाँकी पृष्ठ २ मा

## लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार

लागूऔषधले मानिसको शरीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ । लागू औषधको उत्पादन, सञ्चय, ओसारपसार, विक्री वितरण तथा सेवन कानूनतः दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरूत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अल्पमतको सरकार, अध्यादेशबाट बजेट

**विष्णु लक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, १ साउन ।



प्रदेशसभामा अल्पमतमा रहेको लुम्बिनी र कर्णाली प्रदेश सरकारले प्रदेशसभा छलेर अध्यादेशबाट बजेट ल्याएको छ । लुम्बिनी प्रदेशमा मुख्यमन्त्री शंकर पोखरेलले अध्यादेशबाट बजेट ल्याएका हुन् । सत्तारुढ नेकपा एमालेकै सांसदहरुले बैठक चल्न नदिने र अध्यादेशबाट बजेट ल्याउने परिस्थिति निर्माण गरेका हुन् ।

बजेटमाथिको छलफल सकिएर सभामुखले निर्णयार्थ प्रक्रियामा प्रवेश गराउनुअघि बिहीबार सत्तापक्षले बैठक बहिस्कार थिए । बजेट पास गर्न सत्तारुढ दलसँग बहुमत पुग्ने नदेखिएपछि सत्तारुढ दलका सांसदहरु बैठक हलबाट बाहिरिएका थिए ।

त्यसअघि मुख्यमन्त्री शंकर पोखरेलले बजेट पारित गर्न सहयोग गर्न विपक्षी दलहरुसँग अनुरोध गरेका थिए । एमाले प्रमुख सचेतक भूमिश्वर ढकालले पनि दलहरुबीच सहमति कायम गरी बजेट पारित गर्नका लागि छलफलका लागि समय मागेका थिए । त्यसका लागि विपक्षि गठबन्धनले सहमति दिन मानेनन् । त्यसपछि सत्तापक्षका सांसदहरु बैठक छाडेर बाहिरिएका हुन् । यसपछि भने मुख्यमन्त्री पोखरेलले अध्यादेशबाट बजेट ल्याएका छन् ।

८३ सदस्यीय प्रदेश सभामा एमालेका ३८ र जसपाका तीन जना गरी ४१ जना सांसद छन् भने विपक्षमा नेपाली कांग्रेसका १९, माओवादी केन्द्रका सभामुख सहित १९, जसपाका ३ जना र राष्टिय जनमोर्चाका १ जना गरी ४२ जना छन् ।

उता कर्णाली प्रदेश सरकारले पनि आर्थिक वर्ष २०७८/०७९ को बजेट अध्यादेश ल्याएको छ । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेको अवरोधका कारण बैठकमा छलफल हुन नसक्दा सरकारले अध्यादेशबाट बजेट ल्याइएको हो । बिहीबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले अध्यादेशबाट ल्याउने निर्णय गरेको हो । प्रदेशसभाबाट बजेट आउन सक्ने अवस्था नदेखिएपछि सरकारले अध्यादेशबाट बजेट ल्याउने निर्णय गरेको आर्थिक मामिला तथा योजनामन्त्री गोपाल शर्माले बताए । गएको १ असारमा आगामी आर्थिक वर्ष २०७८/७९ का लागि रु ३६ अर्ब ५४ करोड ६६ लाखको बजेट प्रदेशसभामा प्रस्तुत भएको थियो । तर पटक पटक बसेको बैठकमा बजेटमाथिको छलफल हुन सकेन । यसपछि प्रदेश सरकारले अध्यादेशबाट बजेट ल्याउने बाटो रोजेको हो ।

कर्णालीमा नेकपा माओवादी केन्द्रका नेता महेन्द्रबहादुर शाही मुख्यमन्त्री छन् । तर यो प्रदेशमा नेकपा एमाले पहिलो दल हो । एमालेको अन्तरविरोधका कारण बरिष्ठ नेता माधवकुमार नेपाल समूहका चार सांसदले फ्लोर क्रस गरेर मुख्यमन्त्री शाहीको पद जोगाइदिएका थिए । तर अहिले ती मध्ये सरकारमा सहभागी भएका तीन जना निलम्बनमा छन् ।

**कपिलवस्तु डायरी** इमरान खान/मध्यान्ह

# कपिलवस्तुको बालगृहलाई एक लाखको खाद्यान्न सहयोग



लामो समयसम्मको लकडाउनका कारण समस्यामा परेको भन्दै कपिलवस्तुको तौलिहवा स्थित बालगृहमा रहेका बेसाहारा २९ बालकहरुलाई खाद्यान्न वितरण गरिएको छ ।

चुजी फाउन्डेशन ताईवानले बिहीबार बालगृहमा झन्डै एक लाखको खाद्यान्न सहयोग गरेको हो । भिक्षु महासंघका अध्यक्ष भिक्षु मैत्रेयले नेपाल बाल संगठनका जिल्ला अध्यक्ष गोपालमणि ज्ञवालीलाई खाद्यान्न हस्तान्तरण गरेका थिए ।

बालगृहका २९ बालकहरुलाई झन्डै दुई महिनालाई पुग्ने खाद्यान्न सामग्री उपलब्ध गराइएको छ । खाध्यान्न सामग्रीहरुमा प्रति बालक २५ किलो चामल, ५ किलो पीठो, दाल, चना, नुन तेल साबुन लगायत रहेको छ । भिक्षु मैत्रेयले चुजी फाउन्डेशनले नेपाल र विश्वका विभिन्न स्थानमा विपदमा राहत बाँड्ने तथा अन्य आवश्यक सामाग्री उपलब्ध गराउँदै आएको बताए ।

मानवीय सेवामा समर्पित यो संस्थाले कोभिड-१९ का कारण पठनपाठमा समस्या आएकोले ल्याप्टपको व्यवस्थापनको लागि समेत पहल गर्ने उनले प्रतिबद्धता व्यक्त गरेका छन् । सो अवसरमा कपिलवस्तु नगरपालिकाको उपमेयर लक्ष्मी गुप्ताले कोभिडका बेलामा चुजी फाउन्डेशनले कपिलवस्तुमा स्वास्थ्य सामाग्रीसहित राहत वितरण तथा अन्य सामाग्री उपलब्ध गराएर निकै पुण्यको काम गरेको बताइन् ।

सो अवसरमा कपिलवस्तु नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष सुदिप पौडेलले आफूले पनि बालगृहका बालबालिकाहरुलाई निरन्तर सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गरे । साझा प्रयास अभियानका संयोजक रवि ठाकुरले चुजी फान्डेशनको सहयोगमा कोभिडका कारण मारमा परेको साँढे ८ सय विपन्न घरपरिवारलाई राहत स्वरुप खाद्यान्न बाँडिने बताए ।

साझा प्रयास अभियानका संयोजक रवि ठाकुरको अध्यक्षता र राम प्रसाद अर्यालको संचालनमा सम्पन्न भएको कार्यक्रममा बाल संगठन अध्यक्ष गोपालमणि ज्ञवाली, साझा प्रयास अभियानका सचिव राजेश ज्ञवाली लगायतको उपस्थिति रहेको थियो।

# कपिलवस्तुमा आगलागी हुँदा एक लाख बढीको क्षति

कपिलवस्तुमा आगलागी हुँदा एक लाख रुपैयाँभन्दा बढीको क्षति भएको छ । कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका-६ स्थित भिल्मीमा बिहीबार राति करिब २ बजेको समयमा घिरे कोरीको घरमा आगलागी भएको थियो ।

आगो प्रहरी र स्थानीयबासीको सहयोगमा शुक्रबार बिहान ४ बजे नियन्त्रणमा आएको थियो । आगलागीबाट करिब १ लाख ५ हजार बराबारको क्षति भएको अनुमान गरिएको छ ।

लामखुट्टे भगाउनका लागि आगो सल्काउने क्रममा घरमा आगो लागेका प्रहरीले जनाएको छ । आगलागीबाट कपडा, धान, चामल, दाल र केही नगदसहित २ वटा बाखा जलेर नष्ट भएको प्रहरीले जानकारी दिएको छ ।

# बालविवाहविरुद्ध कलम चलाउने बाँकेका ४ पत्रकार सम्मानित



नेपालगञ्ज उपमहानगरपालिकाले बाँकेमा बालविवाहविरुद्ध कलम चलाउँदै आएका ४ जना पत्रकारलाई सम्मान गरेको छ । नेपालगञ्ज उपमहानगरपालिका वडा नं.१ र २ लाई बालविवाह मुक्त वडा घोषणा कार्यक्रममा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश कमिटीका उपाध्यक्ष शुक्रऋषि चौलागाईं, नेपाल पत्रकार महासंघ बाँके शाखा सदस्य भीष्म लोध, सदभाव दैनिक तथा सेतोखरी डटकमका सहसम्पादक विजय मल्ल ठकुरी र सलामल अली शेष सम्मानित भएका छन् ।

नेपालगञ्ज उपमहानगरपालिका प्रमुख डा.धवलशम्शेर राणा, उपप्रमुख उमा थापा मगर लगायतले ४ जना पत्रकारलाई सम्मान गरेका थिए । सो अवसरमा बालविवाह रोकथामका लागि योगदान पुऱ्याउने ३ दर्जन संघसंस्थालाई पनि सम्मान गरिएको थियो ।

बिहीबार नेपालगञ्जमा आयोजित कार्यक्रममा नगर प्रमुख डा. राणा र उपप्रमुख थापा मगरको उपस्थितिमा वडा नं १ का अध्यक्ष प्रमोद रिजाल र वडा २ का अध्यक्ष सुनिलसिंह हमालले वडालाई बालविवाह मुक्त घोषणा गरेका थिए । पत्रकार शंकरप्रसाद खनालले वडा नं. १ र वडा नं. २ को अध्ययन प्रतिवेदन र स्याक नेपालको बालविवाह रोकथाम परियोजना प्रबन्धक जगदीश थापाले प्रस्तुत गरेका थिए ।

प्लान इन्टरनेशनल नेपाल र सामाजिक सचेतन सरोकार मञ्च, स्याक नेपाल बाँकेको आर्थिक सहयोगमा बालविवाह मुक्त वडा घोषणा गर्न नगरमा बालविवाह रोकथाम परियोजना सञ्चालन गरिएको थियो । केही दिनअघि नेपालगञ्ज उपमहानगरपालिका वाडा नं. १० र १२ पनि बालविवाह मुक्त वडा घोषित भएका थिए ।

**बाँके डायरी**
**पवन जयसवाल/मध्यान्ह**

# बाँकेमा ६० वर्ष पुगेका ३३ जना स्वयंसेविकालाई बिदाइ



बाँकेको नेपालगञ्ज उपमहानगरपालिकाले ६० वर्ष उमेर पूरा भएकास्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानसहित शुक्रबार औपचारिक बिदाइ गरेको छ । नेपालगञ्ज उपमहानगरपालिकामा २ सय १ जना महिला स्वास्थ्य स्वयंसेविका विभिन्न वडामा रहेका छन् । जसमध्ये ६० वर्ष उमेर पूरा भएका ३३ जनालाई साउन १ गते शुक्रबार औपचारिक बिदाइ गरिएको हो ।

नेपालगञ्ज उपमहानगरपालिकाका नगरप्रमुख डा. धवलशम्शेर राणा, प्रमुख प्रशासकीय अधिकृत हिरालाल रेग्मी र स्वास्थ्य शाखा प्रमुख रामबहादुर चन्दले ६० वर्ष पूरा भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुले हालसम्म पुऱ्याएको योगदानको कदर स्वरुप सम्मान गरेका थिए । महिला स्वास्थ्यस्वयंसेविकाहरुलाई जनही नगद ५० हजार रुपैयाँसहित सम्मान-पत्र प्रदान गरेर सम्मानित गरिएको हो ।

स्वास्थ्य स्वयंसेविकाहरुको सम्मानसहित बिदाइका लागि संघीय सरकारले २० हजार रुपैयाँ मात्र उपलब्ध गराएकोमा नेपालगञ्ज उपमहानगरपालिकाले ३० हजार रुपैयाँ थप गरेर ५० हजार रुपैयाँ उपलब्ध गराइएको छ । नेपालगञ्ज उपमहानगपालिकामा २ सय १ जना महिला स्वास्थ्य स्वयंसेविका मध्येमा ६० वर्ष उमेर पूरा भएका ३३ जनालाई शुक्रबार औपचारिक बिदाइ कार्यक्रममा बोल्दै स्वास्थ्य स्वयंसेविका नारायणी रुपाखेती, गीता राणालगायतले आफुहरुले लामो समयसम्म कति दुःख कष्ट गरेर सेवा गरेता पनि बिदाइ हुने क्रममा आफुहरुलाई सरकारबाट पर्याप्त सहयोग नभएको गुनासो गरेका थिए ।

# नुवाकोटमा निषेधाज्ञा साउन १० सम्म थपियो

**दिवस ढकाल/मध्यान्ह**
नुवाकोट, १ साउन

नुवाकोटमा जारी निषेधाज्ञालाई केही खुकुलो बनाउँदै थप गरिएको छ । जिल्ला कोभिड संकट व्यवस्थापन समिति र जिल्ला प्रशासन कार्यालय नुवाकोटको संयुक्त बैठकले शुक्रबार राति १२ बजेदेखि जिल्लाभर लागू हुने गरी जारी निषेधाज्ञा थप गरिएको हो ।

शुक्रबार बसेको जिल्ला प्रशासन कार्यालय नुवाकोटको बैठकले यस अघिदेखि बन्द रहेको सार्वजनिक यातायातलाई यथावत राख्दै सबै खालका व्यवसायहरु साँझ ७ बजेसम्म संचालन गर्ने पाउने लगायतको निर्णय गरेको छ। नुवाकोटमा जारी निषेधाज्ञालाई साउन १० गतेसम्म लम्बाइको नुवाकोटका प्रमुख जिल्ला अधिकारी जीवन प्रसाद दुलालले जानकारी दिए । दुलालका अनुसार सार्वजनिक यातायातहरु जोर विजोर आधारमा खुल्नेछन्, अन्य धार्मिक कार्यक्रम, सभा, सम्मेलन, गोष्ठी लगायतका भिडहुने कार्यक्रम गर्न भने बन्देज लगाइएको छ । आदेश पालना नगर्ने जो कोहीलाई पनि संक्रामक रोग ऐन तथा कोभिड संकट व्यवस्थापन अध्यादेश २०७८ अनुसार कारबाही गरिने समेत सीडीयो दुलालले बताए ।

### भए...

"कार्यदलका निर्णय पार्टीले कार्यान्वयन गर्छ, तर सधैं बैठक रोक्न सकिँदैन, पार्टी गतिविधि र लयमा अगाडि बढ्दै जान्छ ।"

बैठक स्रोतका अनुसार पार्टी एकता जोगिए पनि नजोगिए पनि बैठक नरोक्ने अध्यक्ष ओलीले बताएका छन् । बालुवाटारबाट बालकोट फर्किएर ओलीले माधव नेपाललाई गद्धारको संज्ञा दिदै सार्वजनिक अभिव्यक्ति दिएका थिए । यो अभिव्यक्तिले एमालेभित्र जुटेको सहमतिमा माधव समूह सशंकित छन् । "भए एकता र नभए पनि नरोकिनेगरी अगाडि बढ्ने भन्ने भएको छ", बैठक स्रोतले भन्यो ।

सर्वोच्च अदालतको परमादेशबाट ओली पदमुक्त भएपछि पहिलोपटक स्थायी कमिटी बैठक राखेका हुन् । २८ असारमै बैठक बोलाइएको थियो । तर सहमतिमा बोलाउनुपर्ने माधव समूहको अडानले रोकिदै आएको बैठक शुक्रबार बसेको छ। शुक्रबार नै ओली तर्फका सांसदहरु मात्रै सम्मिलित संसदीय दलको बैठक समेत बसेको छ ।

### चीनबाट...

नेपालमा संक्रमितको निको हुने दर ९४ दशमलव ५ प्रतिशत छ । नेपालमा हालसम्म छ लाख २८ हजार २४३ जना संक्रमित निको भइसकेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । हाल २४ हजार २७४ जना होम आइसोलेशनमा रहनुभएको छ भने दुई हजार ५५३ ले संस्थागत आइसोलेशन, ५७८ जना आइसीयू र १७४ जनाले भेन्टिलेटरमा उपचार गराईरहेका छन् ।

### कतार ...

७५ जना कामदार पठाएको छ । सोह्रौं नम्बरमा रहेको ट्यालेन्ट ओभरसीज सर्भिसले ५ सय ६९ जना कामदार पठाएको छ । सत्रौं नम्बरमा रहेको अल जारफा ह्युमन रिसोर्स कन्सल्टयान्सीले ५ सय ३० जना कामदार पठाएको छ। अठारौं नम्बरमा रहेको बेस्ट रिक्रुटमेन्ट सर्भिसले ५सय २६ जना कामदार पठाएको छ । उन्नाइसौं नम्बरमा रहेको वाहा म्यानपावर सप्लायर्स प्रा.लि.ले ५ सय २० जना कामदार पठाएको छ । सूचीको बिसौं नम्बरमा रहेको नाइस रिक्रुटमेन्ट एजेन्सी प्रा.लि.ले ४ सय ४ जना कामदार पठाएको छ ।

सरकारले वैदेशिक रोजगार व्यवसायीहरुको धरौटी बढाउँदै लगे पनि संस्थागतरुपमा वैदेशिक रोजगारीमा जाने कामदारहरुको संख्यामा ठूलो गिरावट आएको छ । संस्थागतरुपमा वैदेशिक रोजगारीमा जाने कामदारको संख्यामा ठूलो गिरावट आउनुमा मलेसिया रोजगारी बन्द हुनु नै प्रमुख कारण देखिएको छ । आर्थिक वर्ष २०७४/०७५ मा १ लाख २ हजार ९ सय ७९ जना संस्थागतरुपमा मलेसिया गएकोमा गत वर्ष भने अत्यन्तै न्यून कामदार गएका छन् । विभागका निर्देशक तथा सुचना अधिकारी महेन्द्रनाथ भट्टराईले भने प्रतिवेदनको अन्तिम स्वरूप तयार हुन बाँकी रहेको बताए । 'दुई तीन दिनपछि मात्र फाइनल रिपोर्ट तयार हुन्छ,' उनले मध्यान्ह राष्ट्रिय दैनिकलाई बताए ।

गत वर्ष राजधानीको बत्तिसपुतलीस्थित दि रिभर ओभरसीज प्रा.लि., धापासीस्थित एसओएस म्यानपावर सर्भिसेज प्रा.लि., ललितपुरको बखुण्डोलस्थित प्याराडाइज इन्टरनेशनल प्रा.लि., सामाखुशी टाउन प्लानिङस्थित भिजन एण्ड भ्यालु ओभरसीज प्रा.लि, सामाखुशीस्थित अञ्जली ओभरसीज सर्भिस प्रा.लि., सान नेपाल प्रा.लि., नोकरी नेपाल रिक्रुटमेन्ट सर्भिस प्रा.लि., साउण्डलाइन रिक्रुटमेन्ट प्रा.लि., अक्सफोर्ड इन्टरनेशनल प्रा.लि र स्वीफ्ट गोर्खा इन्टरनेशनल प्रा.लि. पहिलोदेखि क्रमशः दशौं स्थानमा रहेका थिए ।

### वैदेशिक...

रोजगारीमा जाने नेपाली श्रमिकलाई आर्थिक व्ययभार बढ्ने देखिएको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई कोभिड-१९ विरुद्धको खोप तत्काल व्यवस्थापन गर्न कोभिड-१९ संकट व्यवस्थापन केन्द्रलगायत अन्य सम्बन्धित निकायलाई आयोगले पत्राचार गरेको छ ।

कोभिड-१९ को दोस्रो लहरको अवस्थामा पनि कतार, साउदी अरबलगायतका नेपाली आप्रवासी श्रमिकको प्रमुख गन्तव्य मुलुकहरूमा कोभिड-१९ महामारी नियन्त्रणका लागि खोप नलगाई प्रवेश गरेका नेपाली श्रमिकलाई तोकिएको समय अनिवार्य क्वारेन्टिन बस्नुपर्ने, पीसीआर परीक्षण गर्नुपर्ने तथा पीसीआर परीक्षण नेगेटिभ आए पनि क्वारेन्टिनमा रहनैपर्ने व्यवस्था भएका स्वास्थ्य निर्देशिका लागू गरिएको पाइएको छ ।

कोभिड-१९ महामारीमा नेपाली आप्रवासी श्रमिकको मानव अधिकारको अवस्था सम्बन्धमा गत वर्षदेखि नै अध्ययन तथा अनुगमन गर्दै आइरहेको आयोगले जनाएको छ । आयोगले गरेको अध्ययन तथा अनुगमनबाट गन्तव्य देशमा एकतर्फी रुपमा करार भङ्ग गर्ने, बेतलवी बिदामा बस्न बाध्यपार्ने, कामबाट निष्कासन गर्ने, पूरा तलब/सुविधा भुक्तानी नदिने, जबरजस्ती श्रममा लगाउने, मापदण्डभन्दा बढी समय वा जोखिमयुक्त काममा लगाउनेलगायतका तथ्यहरु प्राप्त भएका थिए ।

उक्त तथ्यहरूको आधारमा आयोगले आप्रवासी श्रमिकलाई उद्धार, स्वदेश फिर्ती तथा पुनःएकीकरण गराई उनीहरूको मानव अधिकार संरक्षणका लागि आवश्यक पहल गर्न सरकारलाई सिफारिस गरेको थियो ।

# मुंग्रो प्रहार गरी श्रीमानको हत्या, श्रीमती पक्राउ

**दैलेख/मस**–दैलेखमा मुंग्रो प्रहार गरी श्रीमानको हत्या गरेको आरोपमा प्रहरीले श्रीमातीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा जिल्लाको नारायण नगरपालिका-११ टाटामाखु ३३ बर्षीया सुसिला मल्ल रहेकी छिन् । ३५ बर्षीय खगेन्द्र मल्लको हत्या गरेको आरोपमा प्रहरीले उनकी श्रीमतीलाई पक्राउ गरेको हो ।

सुशीलाले विहीबार राति साढे ९ बजे श्रीमान खगेन्द्रलाई मुङग्रोले टाउकोमा प्रहार गरेको दैलेख प्रहरी प्रमुख डिएसपी श्रेष्ठले बताए । घरमा भएको किला ठोक्ने काठको मुङग्रोले पति खगेन्द्रको टाउकोमा हानी हत्या गरेको जाहेरीका आधारमा प्रहरीले सुशीलालाई नियन्त्रणमा लिएको हो ।

उनले मादक पदार्थ सेवन गरेर घरमा श्रीमतीसँग विवाद भएको र निरन्तर पीडा दिने गरेकाले पीडा सहन नसकी हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

'घरायसी सामान्य विवाद भएको भन्ने प्रारम्भिक अध्ययनले देखाएको र थप अनुसन्धानका लागी श्रीमती मल्ललाई पक्राउ गरिएको र अनुसन्धान जारी रहेको छ ।' डिएसपी श्रेष्ठले भने । मृतकको शुक्रवार नै दैलेख अस्पतालमा पोस्टमार्टम गरिएको छ । मृतक खगेन्द्रका तीन छोरी छन् ।

# पाल्पामा शुक्रबार एकै दिन ६२ जना कोरोनाका विरामी थपिए

**बिकाश काफ्ले/मध्यान्ह**
पाल्पा, १ साउन

पाल्पामा शुक्रवार ६२ जना कोरोनाका नयाँ संक्रमित थपिएका छन् । पीसीआर र एन्टीजेन परीक्षण गर्दा सो संख्यामा नयाँ संक्रमित थपिएका हुन् । जसमा ६१ जनाको पीसीआर गर्दा १० जना र १४३ जनाको एन्टीजेन परीक्षण गर्दा ५२ जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय पाल्पाका सूचना अधिकारी ओमप्रकाश पन्थीले जानकारी दिए । ६२ सङ्क्रमित हुँदा १६ जना निको भएका छन् । पाल्पामा हाल ५३५ जना कोरोनाका सक्रिय संक्रमित रहेका छन् । केही दिन यता पाल्पामा कोरोनाको सक्रिय सङ्क्रमित बढ्दै गएको पन्थीले बताए ।

पाल्पामा केही दिनयता कोरोनाबाट निको हुनेभन्दा सङ्क्रमित हुने मानिसको संख्या बढ्दै गएको स्वास्थ्य कार्यालय पाल्पाले जनाएको छ । पाल्पामा हालसम्म कोरोनाका कारण ११५ जनाको निधन भइसकेको छ ।

पाल्पामा कुल कोरोना परीक्षण पश्चात संक्रणम देखिएको संख्या ७ हजार ७ सय ८२ पुगेको छ । निको हुनेको संख्या ७ हजार १ सय ९४ पुगेको छ । पाल्पामा कुल सक्रिय ५३५ संक्रमितमा होम आइसोलेशनमा ५सय जना आईसियू २ जना एचडियूमा १५ भेन्टिलेटरमा १ र आइसोलेशनमा १७ जनाको उपचार भइरहेको छ ।

# नेपाली सेनाको सांगठनिक पुनर्संरचना कार्यान्वयनमा

**काठमाडौं/मस**-नेपाली सेनाको सांगठनिक पुनर्संरचना शुक्रबारदेखि कार्यान्वयनमा आएको छ । नेपाली सेना ३ जोड १ संरचनामा गएको छ । नेपाली सेनामा अब चार वटा कमान्ड हेडक्वार्टर भएका छन् ।

पूर्वी कमान्ड, मध्य कमान्ड, पश्चिम कमान्ड र उपत्यका कमान्ड गरि चार वटा कमान्ड हेडक्वाटर हुनेछन् । नेपाली सेनाको सांगठनिक पुनर्संरचनालाई मन्त्रि परिषद्को गत असार २४ गतेको बैठकले स्वीकृत गरेको थियो ।

राष्ट्रिय सुरक्षा नीति २०७५ कार्यान्वयनको एकिकृत कार्ययोजना र नेपाली सेनाको दिर्घकालिन सोच २०८७ लाई आधार मानेर संगठनको पुनर्संरचना भएको नेपाली सेनाले जनाएको छ ।

नेपाली सेनाका अनुसार सांगठनिक पुनर्संचरनाको कार्यान्वयन पूर्णरुपमा २०८१ सालको असार मसान्तसम्म भइसक्ने छ । प्रधान सेनापति पूर्णचन्द्र थापाले शुक्रबार चारवटै कमान्ड हेडक्वाटरका प्रमुखलाई कमान्ड झण्डा हस्तान्तरण गरेका छन् ।

# खोप केन्द्र बढाउन प्रधानमन्त्री देउवाको निर्देशन

**काठमाडौं/मस**-प्रधानमन्त्री शेरबहादुर देउवाले कोभिड-१९ विरुद्धको खोप सर्वसाधारणलाई सहज रूपमा उपलब्ध गराउनका लागि आवश्यकताअनुसार खोप केन्द्र बढाउन निर्देशन दिएका छन् ।

खोप केन्द्रमा लामो लाइन भएको गुनासो सुनिएपछि उनले शुक्रबार नेपाल मुख्यसचिव शंकरदास वैरागी र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव लक्ष्मण अर्याललाई बोलाई सो निर्देशन दिएका हुन् ।

प्रधानमन्त्रीको सचिवालयका अनुसार देउवाले स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्दै खोप लगाउने प्रवन्ध मिलाउन समेत निर्देशन दिएका छन् । प्रधानमन्त्री देउवाले पद बहाली गरेलगत्तै पहिलो मन्त्रिपरिषद् बैठकबाट आगामी चैत भित्र खोप लगाउन आवश्यक पर्ने सबै समूहका नागरिकलाई कोभिड-१९ विरुद्धको खोप लगाइ सक्ने निर्णय गरेका छन् ।



**काठमाडौंमा 'भेरोसेल' खोप अभियान स्थगन**

सरकारले काठमाडौंमा कोरोना भाइरसविरुद्धको 'भेरोसेल' खोप अभियान स्थगित गरेको छ । यही असार २९ गतेदेखि शुरु भएको अभियान खोप अभाव भएपछि स्थगित गरिएको हो ।

काठमाडौं स्वास्थ्य कार्यालयका प्रमुख जनस्वास्थ्य प्रशासक बद्रीबहादुर खड्काले शुक्रबार सूचना जारी गर्दै स्वास्थ्य कार्यालयमा रहेको खोप सकिएकाले स्थगन गर्ने जानकारी दिए । खोप अभियान यही साउन दुई गतेसम्म सञ्चालन गर्ने भनिएको थियो । खोप अभियानका लागि काठमाडौं जिल्लामा ४४ वटा खोप केन्द्रबाट खोप उपलब्ध गराइँदै आइरहेको थियो । भेरोसेल ५५ वर्ष र सो माथिका उमेर समूहका नागरिकलाई उपलब्ध गराइएको थियो । चीनबाट करिब आठ लाख खोप आएपछि खोप अभियान सञ्चालन भएको थियो ।

## कन्चनपुर डायरी

गोमती पाल/मध्यान्ह

# बेदकोटमा ११ शिक्षक कटौती गरी शिक्षक दरबन्दी मिलान

बेदकोट नगरपालिकामा प्राथमिक तह (कक्षा १-५ ) को शिक्षक दरबन्दी मिलान गरिएको छ । बेदकोटको नगर शिक्षा समितिले गत वर्षदेखि शिक्षक दरबन्दी मिलान प्रक्रिया अघि बढाएको थियो ।

प्राथमिक तहमा दरबन्दी बढी भएका ८ विद्यालयका ११ शिक्षकको दरबन्दी कटौती गरी अन्यमा थपिएको छ । कटौती गरिएका दरबन्दीका शिक्षक अन्य ८ विद्यालयमा थपिएका छन् । बेदकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पदमराज भट्टले दरबन्दी बढी भएका विद्यालयमा कटौती गरी कम भएका विद्यालयमा थप गरी मिलान गरिएको बताए ।

'जुन विद्यालयमा बढी शिक्षक थिए, त्यहाँको दरबन्दी कटौती गरी कम दरबन्दी भएकोमा थप गरिएको छ' प्रमुख प्रशासकीय अधिकृत भट्टले भने,'दरबन्दी मिलानपछि शिक्षकहरु थपिएको विद्यालयमा जान थालि सकेका छन् ।'

शारदा माध्यमिक विद्यालय दैजीमा सबैभन्दा बढी तीन शिक्षकको दरबन्दी कटौती गरिएको छ । त्यसपछि शिव प्राथमिक विद्यालय सामादैजीबाट दुई शिक्षकको दरबन्दी कटौतीमा परेका छन् ।

नव दुर्गा आधारभूत विद्यालय, बैजनाथ मा.वि. गैलनदी, उदयदेब मा.वि. सुन्दरपुर, घटाल मावि सुडा, शान्ति निकेतन प्रा.वि. र रत्न मा.वि. चथरीबाट एक/एक जनाको दरबन्दी कटौती गरिएको छ । दरबन्दी कटौतीपछि धर्मपुरस्थित मुक्ति आधारभूत विद्यालयमा सबैभन्दा बढी दुई जना शिक्षक थपिएका छन् ।

अन्य सबै विद्यालयमा एक/एक जना शिक्षक थपिएका छन् । सरस्वती आधारभूत विद्यालय चाँदनीफाँटा, सिद्धनाथ आधारभूत विद्यालय वसन्तथला, गणेश आधारभूत विद्यालय पिपलथला, जनता मा.वि. गाउजी, सिद्धनाथ मा.वि. मुसेपानी, घटाल मा.वि. पोलखरी र भुवनेश्वरी मा.वि. सिसैयामा शिक्षक थपिएका छन् ।

गत वर्ष सरस्वती आधारभूत विद्यालय चाँदनीफाँटाकी प्रधानाध्यापक हर्का बोहराले उच्च अदालतमा रिट दिएपछि दरबन्दी मिलान प्रक्रिया अवरुद्ध हुन पुगेको थियो । चाँदनीफाँटामा राहतको सट्टा स्थायी दरबन्दी थपिएको हो । दरबन्दी मिलानमा बेदकोट प्राथमिक विद्यालय चौरीलाई समायोजन गरिएको छ ।

दैजीस्थित शारदा माध्यमिक विद्यालयमा विद्यालयलाई समायोजन गरिएको हो । प्राथमिक तहका स्थायी र राहत दरबन्दीलाई मिलान गरिएको छ । बेदकोटमा कक्षा १ देखि ५ सम्म पठनपाठन हुने २३ विद्यालय छन् । ती सबै विद्यालयमा एक सय ३१ शिक्षक दरबन्दी छन् ।

प्राथमिक तहमा ५० जना विद्यार्थी बराबर एक शिक्षक दरबन्दी कायम गरिएको छ । शिक्षा विभागले अघिल्लो वर्ष स्थानीय तहलाई शिक्षक दरबन्दी मिलानका लागि समय दिएको थियो । विभागको समय सीमाभित्र मिलान नभएपछि यस वर्ष पनि मिलानका लागि समय दिइएको छ ।

बेदकोटका प्रमुख प्रशासकीय अधिकृत भट्टले शिक्षा विभागको निर्देशिका अनुसार अघिल्लो वर्षदेखि शिक्षक दरबन्दी मिलान शुरु गरिएको बताए ।

'विभागको निर्देशिका अनुसार गत वर्षदेखि नै शिक्षक दरबन्दी मिलान शुरु गरिएको हो' उनले भने,'केही अवरोध हुन सकेन, यस वर्ष सफल भएका छौं, प्राथमिक तहमा मिलान गरिएको छ ।' दोधारा चाँदनी नगरपालिकाले अघिल्लो वर्ष प्राथमिक, निम्न माध्यमिक र माध्यमिक सबै तहमा शिक्षक दरबन्दी मिलान गरेको थियो ।

# स्वास्थ्य सेवामा फड्को मार्दै कञ्चनपुरको कृष्णपुर नगरपालिका

कञ्चनपुरको कृष्णपुर नगरपालिकाका अधिकांश वडामा आधारभूत स्वास्थ्य केन्द्रहरु सञ्चालनमा आएका छन् । स्थानीय तहको निर्वाचनपछि एक वडा एक आधारभूत स्वास्थ्य केन्द्र बनाउने नीति अनुसार ती वडाहरुमा स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइएको हो ।

स्थानीय तहको निर्वाचनमा गरिएका प्रतिबद्धता अनुसार कृष्णपुर नगरपालिकाका मेयर कर्णबहादुर हमालले स्वास्थ्य सेवा विस्तारलाई प्राथमिकता दिएका छन् ।

मेयर हमालले नगरपालिकाको एक वडा एक आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने नीति अनुसार ६ वटा वडामा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन गरिएको जानकारी दिए । 'स्थानीय तह निर्वाचनमा गरिएका वाचा अनुसार सबै वडामा स्वास्थ्य सेवा पुर्याउन अघि बढेका छौं', मेयर हमालले भने, 'त्यसै अनुसार हालसम्म ६ वडामा सञ्चालन भइ सकेको छ ।' उनले बाँकी वडामा पनि सेवा विस्तार गर्ने जानकारी दिए ।

हालसम्म नगरको वडा नं. १, २, ३, ४, ६ र ७ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा आइसकेको छ । यी मध्ये वडा नं. ३ र ६ बाहेकका अन्यमा गत वर्ष नै स्वास्थ्य केन्द्र सञ्चालनमा आएको थियो । वडा नं. ३ देखतभुली र वडा नं. ६ मौरीफाँटामा केही दिन अघि मात्रै सेवा सञ्चनालनमा आएको हो । कृष्णपुरका मेयर हमालले ती दुबै केन्द्रको उद्घाटन गरेका हुन् । दुबै वडाका स्वास्थ्य केन्द्र उद्घाटन गर्दै मेयर हमालले स्थानीयलाई वडा स्तरबाट स्वास्थ्य सेवा लिन सहज भएको बताए ।

यसबाट कोही पनि स्वास्थ्य सेवाबाट बञ्चित हुनु पर्दैन, सबैले समान रुपमा सेवा पाउँछन्' हमालले भने, 'अब सेवा लिन टाढा जानु पर्दैन ।' मेयर हमालले नगरका सबै वडाका वासिन्दालाई पायक पर्ने गरी वडास्तरमा स्वास्थ्य केन्द्र बनाउन थालिएको बताए । कृष्णपुर नगरपालिकाले आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएसंगै स्वास्थ्य इकाई पनि विस्तार गरेको छ । कृष्णपुर नगरपालिका १ निगाली र वडा नं. ९ राजघाटमा सामुदायिक स्वास्थ इकाई विस्तार गरिएको छ ।

कृष्णपुरमा दुई हेल्थ पोष्ट विगतदेखि सञ्चालनमा छन् । नगरपालिकाले संवैधानिक प्रावधान अनुसार स्वास्थ्य सेवालाई स्थानीयका घरदैलोमा पुर्याउने गरी अघि बढेको छ । नगर सभाबाट पारित नीति कार्यक्रममा स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिइएको उल्लेख गर्दै मेयर हमालले संविधानमा स्वास्थ्यलाई मौलिक हकको अधिकारका रुपमा राखेकोले स्थानीयले घरदैलोमा स्वास्थ्य सेवा सहज रुपमा पाउनुपर्ने बताए ।

# मालिकार्जुनको धामीलेकमा बन्यो सामुदायिक स्वास्थ्य इकाई केन्द



**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, १ साउन

मालिकार्जुन गाउँपालिका वडा नं. ८ धामालेकमा निर्माण गरिएको सामुदायिक स्वास्थ्य इकाई केन्द्रको शुक्रबार उद्घाटन गरिएको छ ।मालिकार्जुन गाउँपालिका वडा नं. ८ का वडा अध्यक्ष पदम राज पन्तको सभापतित्व र गाउँपालिका अध्यक्ष नरेन्द्र सिंह धामीको प्रमुख आतिथ्यतामा उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो । उक्त वडा गाउँपालिकाका ८ वटै वडाहरुमध्ये जनसंख्या तथा भौगोलिक क्षेत्रफलको आधारमा सबै भन्दा ठूलो वडा रहेको छ ।

बढी जनसंख्या र भौगोलिक क्षेत्रफलकै आधारमा विकट एवं दुर्गम रहेका बस्तीहरुमा स्वास्थ्य सेवा सहज रुपमा पुर्‍याउन नसकेको वर्तमान अवस्थामा धामालेक क्षेत्रमा एउटा सामुदायिक स्वास्थ्य संस्था स्थापनाका लागि गाउँपालिकाले आ.व. ०७७।०७८ का लागि सुदूरपश्चिम प्रदेश सरकार समक्ष अनुरोध गरेको थियो । सोही अनुसार सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले आ.व. २०७७।०७८ को वार्षिक कार्यक्रममा समावेश गरी विनियोजित रु १५ लाखको सम्झौता स्वास्थ्य कार्यालय दार्चुलाबाट भई २ कोठे सामुदायिक स्वास्थ्य भवन र २ कोठे एउटा शौचालय निर्माण गरेको थियो । उक्त स्वास्थ्य केन्द्र निरमाणका लागि मालिकार्जुन गाउँपालिका वडा नं. ८ धामालेक बस्ने मोहन देव पन्तले २ रोपनी निःशुल्क जग्गा दान गरेका थिए । उक्त कार्यक्रममा गाउँ कार्यपालिका सदस्य धाना धामी, गंगा टमटा र तारा टमटाका साथै वडा नं. ८ का वडा सदस्यहरुको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा शंकरपुर क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष तथा ने क पा एमाले ८ नं. वडा कमिटी अध्यक्ष सुरेश सिह धामी, शंकरपुर मा.वि. पस्तीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष किसन सिह धामी,स्थानीय बुद्धिजीवि, कर्मचारी एवं सर्वसाधारणको उपस्थिति रहेको थियो । मालिकार्जुन गाउँपालिकाका स्वास्थ्य संयोजक रामदत्त भट्टले संचालन गरेको कार्यक्रमा स्वास्थ्यकर्मी एवं स्वयंसेविकाहरुको पनि उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा २ रोपनी निःशुल्क जग्गादान गर्नु हुने स्थानीय मोहनदेव पन्तलाई प्रमुख अतिथि धामीले दोसल्ला ओढाई सम्मान गरेका थिए । प्रमुख अतिथि धामीले उक्त सेवा केन्द्रबाट आवश्यक जनशक्ति अनमी १ जना र अ.हे.व. १ जना गरी २ जना स्वास्थ्यकर्मीहरुले सेवा दिने मध्यान्हलाई जानकारी दिएका दिए ।

उद्घाटन कै दिन मालिकार्जुन गाउँपालिका वडा नं. ८ बस्ने जेष्ठ सदस्य बीर बहादुर चन्दको चेकजाँच गरी स्वास्थ्य सेवा प्रारम्भ गरिएको थियो। उक्त इकाई केन्द्रको थप व्यवस्थापनको लागि गाउँपालिकाबाट चालु आ.व.का लागि रु ८ लाख ५० हजार रुपैयाँ व्यवस्थापन गरिने वडा अध्यक्ष पन्तले मध्यान्हलाई जानकारी दिए । उक्त स्वास्थ्य संस्थाबाट स्थानीय चस्कोट, धामालेक, खेतार, पन्तपाली, धरमपानी, साननीचोरालगायतका स्थानीय बासीले सेवा पाउने भएका छन् । गाउँमै सामुदायिक स्वास्थ सेवा पाइने भए पछि स्थानीय निक्कै खुसी भएका छन् ।

# पाल्पामा ८५ प्रतिशत धान रोपाईं



**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), १ साउन

दोस्रो बालीकारुपमा धान बाली पाल्पामा हालसम्म करिब ८५ प्रतिशत रोपाईं सम्पन्न भएको छ । यो वर्ष असारको दोस्रो सातादेखि नै जिल्लामा धमाधम रोपाईंशुरु भएको छ ।

जिल्लाको माडीफाँटमा असारमै धान रोप्ने कार्य सम्पन्न भइसकेको छ भने असेर्दी, हुँगी, अर्गलीफाँटका धेरैजसो भु-भागमा धान रोपाईं सम्पन्न भइसकेको छ । अन्नको भण्डार मानिने रामपुर क्षेत्रका केही भागमा धान रोपाईं हुन बाँकी रहेको रामपुर नगरपालिका कृषि शाखा प्रमुख रामहरी पाण्डेयले बताए । खेतमा मकै पाक्दै गरेकाले मकै हुने खेतमा रोपाईं हुन बाँकी छ भने अबको एक साताभित्र जिल्लाका सबै स्थानमा लगभग धान रोप्ने कार्य सकिने कृषि ज्ञानकेन्द्र पाल्पाका प्रमुख शिवप्रसाद अर्याल बताउँछन् ।

'जिल्लाका धेरै ठाउँमा रोपाई सकिइ सकेको छ, पूर्वी भेगमा रामपुर लगायतका केही भागमा खेतमा मकैबाली रहेको र सूर्यमुखीको उत्पादन ढिला भएकाले रोपाई यो वर्ष ढिला शुरु भएको हो भने अन्य स्थानमा असारमा पानी परे लगत्तै कृषकले धान रोपाई सुरु गरेका छन्,' प्रमुख अर्यालले भने ।

यसवर्ष अघिल्ला वर्षको तुलनामा धान रोपाईं हुने क्षेत्रफल बढेको पाइएको छ । कोरोना कहरले युवा जनशक्ति गाउँमै बस्नु, शहरमा विभिन्न पेशा, व्यवसायमा रहेका नागरिक गाउँमा बस्न थालेपछि अघिल्ला वर्षमा बाँझो रहने जग्गामा पनि धान लगाउन थालिएको छ ।

करिब आठ हजार ६२० हेक्टर क्षेत्रफलमा यसभन्दा अघि धान रोपाईं हुने गरेकोमा यसवर्ष नौ हजार ६०० हेक्टर क्षेत्रफलमा धानखेती विस्तार भएको कृषि ज्ञानकेन्द्रले जनाएको छ ।

मनसुन छिटो भित्रिएकाले भने कृषकले बाँझो रहेका, मकैबाली उत्पादन लिएका जग्गामा असारमै धान रोपाईं सम्पन्न गरिसकेका छन् । जिल्लाको माडीफाँट, अर्गली, रामपुरफाँट, हुँगी, हेक्लाङ्ग, पूर्वखोला, दोभान लगायतका क्षेत्र धान उत्पादको मुख्य पकेट क्षेत्र हुन् । पछिल्लो समय गाउँ गाउँमा कृषि यान्त्रिकरणको विकासले पनि धान रोपाईं छिटो छरितो हुने गरेको छ ।

साबित्री, हाइब्रिड, रामधान, सावाँ मन्सुली लगायतका धानका जात जिल्लामा बढी चलनचल्तीमा छन् । रैथाने जात भने यहाँ हिजोआज कमै लगाउने गरिन्छ । उत्पादन बढी लिने उद्देश्यले कृषकहरु उन्नत प्रविधिका धानमा आकर्षित हुन थालेका छन् ।

# भीरबाट खसेर किशोरीको ज्यान गयो




**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, १ साउन

दैलेखको भगवतीमाई गाउँपालिकामा भीरबाट खसेर एक किशोरीको ज्यान गएको छ । भगवतीमाई गाउँपालिका-४ की १७ वर्षीया टिका बिसीको ज्यान गएको हो । यस्तै १५ वर्षीया रोशनी थापा घाइते भएकी छिन् । बिहीबार गोठालो गएको बेला भीरबाट झण्डै ३ सय मिटर तल खसेर दुवै जना घाइते भएका थिए ।

घाइते भएका दुई जनामध्ये टिका बिसीको जिल्ला अस्पताल दैलेखमा उपचारका क्रममा निधन भएको दैलेख प्रहरीले जानकारी दिएको छ । यस्तै घाइते रोशनी थापालाई थप उपचारका लागि सुर्खेत रिफर गरिएको छ ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**मदन भण्डारी राजमार्ग योजना कार्यालय, गुल्मी**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०७८/०४/०२

यस योजनाबाट मिति २०७८/०१/१६ मा www.bolpatra.gov.np/egp तथा मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. MBRPG/Notice/04–077/78 बमोजिम बोलपत्र आह्वान गरिएकोमा अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु स्वीकृतिको लागि सिफारिस भई आएकोमा छनौट भएका उल्लेखित बोलपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५४(क) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

| S. N. | Contract Identification Number | Name and Address of Bidders | Bid Amount, NRs. (Ex-VAT and PS) | Remarks |
|---|---|---|---|---|
| 1. | MBRPG/337011374/077/78-10 | रकेट बिल्डर्स, पाल्पा | 42,41,956.3 | |
| 2. | MBRPG/337011374/077/78-12 | पुस्पाञ्जली निर्माण सेवा, पाल्पा | 48,05,679.00 | |
| 3. | MBRPG/337011374/077/78-13 | रकेट बिल्डर्स, पाल्पा | 39,37,943.15 | |
| 4. | MBRPG/337011374/077/78-14 | रकेट बिल्डर्स, पाल्पा | 40,64,799.80 | |
| 5. | MBRPG/337011374/077/78-15 | डि सी कन्स्ट्रक्सन सेवा, उदयपुर | 29,20,000.00 | |
| 6. | MBRPG/337011374/077/78-16 | रेसुङ्गा दर्शन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली., गुल्मी | 48,58,650.50 | |
| 7. | MBRPG/337011374/077/78-17 | अर्जुन/रकेट जे.भी, गुल्मी | 35,10,062.80 | |
| 8. | MBRPG/337011374/077/78-18 | अर्जुन/रकेट जे.भी, गुल्मी | 32,55,000.00 | |
| 9. | MBRPG/337011374/077/78-19 | पुस्पाञ्जली निर्माण सेवा, पाल्पा | 47,37,291.00 | |
| 10. | MBRPG/337011374/077/78-20 | पौडेल कन्स्ट्रक्सन,अर्घाखाँची | 73,09,470.00 | |

योजना प्रमुख



**कतारमा रोजगारको अवसर**

१. कम्पनी : ARABIAN MEP CONTRACTING
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७४/१०/१८ चलानी नं.: ६०१२५७२६ LT. No.: 234283 पून बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 14 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,४०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 15 | 0 | | 1700 | ५५,५३९ | | | | | | | |
| 3. | Technician | 1 | 0 | | 1100 | ३५,९३७ | | | | | | | |
| 4. | Instal Technician | 13 | 0 | | 1100 | ३५,९३७ | | | | | | | |
| 5. | Gen Clean Worker | 4 | 0 | | 900 | २९,४०३ | | | | | | | |

२. कम्पनी : AL MUFTAH TRADING & CONTRACTING CO WLL
शहर : Doha

पूर्व स्वीकृत मितिः २०७८/०३/१७ चलानी नं.: ६०१५९५६१ LT. No.: 241772 पून बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 12 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 3 | 0 | | 1400 | ४५,७३८ | | | | | | | |
| 3. | PAINTER | 1 | 0 | | 1200 | ३९,२०४ | | | | | | | |
| 4. | Gen Clean Worker | 2 | 0 | | 1000 | ३२,६७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ साउन १० गते (25 July 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.१ को रु. १०,०००/- क.नं.२ को निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९
E-mail : nepal@soundlinesgroup.com


## कथा

# भेक्सिन

जसरी देशलाई थाहा छैन परारसाल सड;कमै गरिब कठाङग्रिएर मरेको दु:खद कुरा । उ चिया श्रमिक । चिया बगानमा बसोबास गर्ने हरेक घर श्रमिकको हो । श्रमिक हुनु भनेको नै जोताएका-जोतिएकै जिन्दगी त हो नि । मूल्यमा बृद्धिले आकाश छोइसक्यो । त्यसरी नै लकडाउनले तन्किएरै महिनौ पार गरिसक्यो । समाजिक दुरूत्वको कुरा हाँकेर बगानमा चहि बिभिन्न समाज,गाउँका श्रमिकहरु भेला भएर काम चलिरहेको छ । खै ! त रोग सित लड;ने अनुशासन त्यहाँ ?



■ राजनारायण राई




'जाउ न कान्छा भेक्सिन लगाउ । गाउँका सबैले लगाइसक्यो । अब पनि खेलाँची नगर है कान्छा ! कुनै बिमारी भईगयो भने त भेक्सिन नलगाउनेहरुको स्वस्थ जाँच गर्दैन अरे नि डाक्टरले पनि', अन्तरीले भन्दै थिईन् । सधै उसले जाने बुझेकै कुरा त गर्छिन् नि मलाई ।

अन्तरीको कुरा सुनेपछि मैंले पनि अपत्यारिलो पाराले, 'अपुई होर ?' भन्दै व्यंग्यले मुसुक्क हाँसी दिए । अन्तरीको कुरा यतिमा सकिने होइनन् नै ! उसले अझै बात थप्दै जान्छिन्, 'भेक्सिनलाई तिमीले त साह्रै खेलाची ठान्छौ त कान्छा ? जुन समय आफुलाई पर्छ नि हाउ उतिबेला पो चाख्छौ त । मैले भनेको सही कुरा रहेछ कि के रैछ बुझ्छौ पनि । आगोले जब पोल्छ तब मात्र आत्था भन्ने तिम्रो जब्बरे बानी चै कसैले नपाएको नै तिमीले मात्रै पाउँछौ ।'

उसैको कुरामाथि पार्छ । कति ठिकै भए पनि प्राय: गलत नै सही । उसको कुरा सुनेपछि मेरो मुख पनि कहाँ नचिलाएको हो र । प्याच्चै भनिदि पो हालें, 'आउ ! अन्तरी तिमी चाहिँ मेरो नेता हौ कि स्वास्नी हाउ । नेताले पो पछि भेक्सिनको मुद्दा बनाउछ लागेको थियो । तिमीले पो यो मुद्दा घरेलु बनाएछौ त हगि ? भेक्सिनभन्दा ठुलो कुरा अनुशासन हो बुझ्यौ नि कुरा ? अनुशासन हुने देश कोरोनाको बीउ फैलाएर पनि उ आफै चाँहि बाँच्नु सिकेर कति दूरी टाड़ो हिड़ी सक्यो । खै ! त तिम्रो र मेरो चाहिँ अनुशासनको टेड़पुच्छर नगर्ने भेक्सिने देश पर्यो । भेक्सिन लगाउ । भिड़भाड़ नजाउ । मास्क लगाउ । समाज दुरुत्व बनाउ । सेनिटाइजर गर । कुरा एउटै छ त । भेक्सिन लगाउ कि नलगाउ । तर, अनुशासित बनेर पो कोरोनासितको महायुद्ध जितिन्छ । मान्छे भेक्सिन लगाएर पनि मरिरहेकै छ नि । भेडाको प्रवृतिले कहाँ हुन्छ र यतिबेला । एउटा अघि हिड़े सबै पछि-पछि हिँडेर हुन्न नि । भेक्सिन लगाउदाको ताँती लाईन हेर न । कोरोना निवारणको भेक्सिन हो कि निमन्त्रणको हो ? खै ! त्यहाँ अनुशासन? खै ! त भिड़लाई कोरोना को डर ?' मेरो प्रतिक्रियाले उसको चित्त बुझ्यो कि दुख्यो । तर उसको शब्दद्वार भने अवश्यै बुच्चियो ।

उसको हात बिसाएको छैनन् । अरुवा चामल केलाउँदै निफन्छिन् । निफन्छिन् फेरी बात । जोड्दै-जोड्दै उसको कुरा नै सकिँदैन । उसको हात र अर्को मुख बिसाउदै बिसाउँदैन । उसले भन्दै छिन्, 'काम नगरि माम छैन । लाइन नगई औषधी नै छैन नि कान्छा । आफुलाई आवश्यकता छ घरमै भेक्सिन उड़ेर आउँछ क्याउ कान्छा ? हन ! के कुरा गरेको ? मान्छे छिप्पी सक्यो क्यारे ! बुद्धि रैछ कलिलै हे बाबै !' भनेर उ आफै हाँसेर मेरो खिल्ली पो उड़ाईन् त । हाइप्रेशर वाला म मान्छे रिसको पारो सुइत्तैमाथि पुगेछ मेरो त । हे हरि ! फेरि घरको छाना उचाल्ने गरि कराइदिए, 'जा जा बाठी बोल्छस् धेरै सुनेकै भरमा । भेक्सिन लगाउ कि नलगाउ तेरो कुरा किन सुन्ने म । मेरो मन र विचार हो । यस बिषयलाई चयन गर्ने बुझिस् के ? आफै मात्र पेट भरेर अरुको पेट छिन्ने स्वार्थी ठाँउ हो यो । माटो भनेर बाटोमै रम्ने ठाउँ हो यो ।

> 'जाउ न कान्छा भेक्सिन लगाउ । गाउँका सबैले लगाइसक्यो । अब पनि खेलाँची नगर है कान्छा ! कुनै बिमारी भईगयो भने त भेक्सिन नलगाउनेहरुको स्वस्थ जाँच गर्दैन अरे नि डाक्टरले पनि', अन्तरीले भन्दै थिईन् । सधै उसले जाने बुझेकै कुरा त गर्छिन् नि मलाई । अन्तरीको कुरा सुनेपछि मैंले पनि अपत्यारिलो पाराले, 'अपुई होर ?' भन्दै व्यंग्यले मुसुक्क हाँसी दिए ।

निकासको युद्ध लड़ेर विकास भर्ने ठाउँ हो यो । भाई-भतिजवादले ढाकिएको ठाउँ हो यो । घोटालाले घोटिएर नै सकिएको ठाउँ हो यो । ठाड़ो शिरलाई झुकिएर शत्रु अघि आत्मसमर्पण गरेको ठाउँ हो यो । एउटै समाजमा बसेर समाजकै सदस्यलाई राजनीतिकरण गर्दै बुढो बनेको ठाउँमा हो यो । यहाँ यसरी बाँच्नुभन्दा बरू कोरोनाले भेटेर पहिला म नै मर्नु परोस् । तर भेक्सिन लगाउँदिन बुझिस् के तैंले । अहँ ठ्याक्कै लाउदिन ।' मेरो कुरा सुनेपछि उ हाँसेर भगाईदिईन त मेरो रिस । उ हाँसेको देखेर म झस्के । हैट यति सानो कुरोमा निकै खैलाबैला पो गरिपठाएछु । सम्झिएर लाज पो लाग्यो नि । सानो बिषयमा फ्यातुलो व्यवहार देखाएछु गाँठे । पलाक्क पुलुक्क हेरें । ओल्लो घर, पल्लो घरकालाई कतै मैले रमिता त देखाई पठाइन भन्ने ठानी ।

फेरि सोंच्छु । अन्तरीको कुरा भनेको नै अरुले बात मारेको टिपटाप पारेर मेरो कानमा खनाई दिनु त हो नि । बिचारी उ साह्रै सोझी पो छिन् । उसलाई पनि त डर छ कोरोना रोगको । जसरी देशलाई डर छ आर्थिकको । तर उसलाई थाहा छैन । यस्तो भयावय स्थितिमा पनि श्रमिकले न्याय नपाएको कुरा । जसरी देशलाई थाहा छैन परार साल सड़कमै गरिब कठाङग्रिएर मरेको दु:खद कुरा । उ चिया श्रमिक । चिया बगानमा बसोबिसो गर्ने हरेक घर श्रमिकको हो । श्रमिक हुनु भनेको नै जोताएका-जोतिएकै जिन्दगी त हो नि । मूल्यमा बृद्धिले आकाश छोइसक्यो । त्यसरी नै लकडाउनले तन्किएरै महिनौ पार गरिसक्यो । समाजिक दुरूत्वको कुरा हाँकेर बगानमा चहि विभिन्न समाज, गाउँका श्रमिकहरु भेला भएर काम चलिरहेको छ । खै ! त रोग सित लड्ने अनुशासन त्यहाँ ? यस्तो स्थितिमा आफुहरू भर पर्ने यस्तो कुनै जमिन छ । न त समाउने हाँगा नै छ । छ भने पेट भोको हुने डर । कोरोना भयावह बनिरहेकै छ । यतिबेला पनि गरिब मरिरहेकै त छ नि बिना रोग त्यही कामले, दामले र मामले । यस्तो स्थितिमा हामी लोग्ने स्वास्नी पो भेक्सिन स्वीकार र अस्वीकारको खिचातानीको संग्राममा हम्मिएर रमिता पो पारेछु बाफरे बाफ'।

*-सोनादा, दार्जीलिङ्ग*

## कविता



बालकुमार क्षेत्री 'साइनो'

### आमा



हेर आमा पुत्र सच्चा बन्छु सेवा खातिर
जिन्दगी यो रैछ मर्ने पाहुना झैं आखिर ।
भाग्य लेख्ने हो विधाता जन्म तिम्रै काखमा
काख तिम्रो मिल्छ आमा एक लाखौं लाखमा । १

पाउ तिम्रा छुन्छु जैले हातले यो माथले
कर्मयोगी मार्ग रोजे हेर आमा चाहले ।
गर्छु सेवा भार थेग्दै यो धरामा कञ्चन
हर्ष सारा पोख्छु आमा दु:ख भोग्ने जीवन । २

जिन्दगीका हर्ष खोज्दै दिन्छु आमा गर्वका
फूल टिप्दै वासनाका लाख सेवा धर्मका ।
पुज्छु जैले ढोग सेवा गर्छु आमा अर्पण
जन्मदाता कर्मदाता देवता हुन् दर्पण । ३

के भरोसा जिन्दगीको मातृ सेवा गर्नु छ
पाउ चुम्दै काख बस्दै हर्ष सारा छर्नु छ ।
दू:ख पर्दा साथ जैले मिल्छ आमा पुत्रको
भार थेग्ने कर्म खोज्ने प्रेम नै यो सुत्र हो । ४

रम्न पाए काख चुम्दै जन्म लाखौं लिन्छु म
कर्मले संसार जित्दै नाम सच्चा दिन्छु म ।
दर्द झेल्दै जिन्दगीका गर्नेछु लौ सामना
दिन्छु आमा हर्ष छर्दै लाख लाखौं कामना । ५

## पाँच मुक्तक



राजु आचार्य 'दीप'

१
कर्तुतहरू एक एक गरी गन्नै पर्ने हुन्छ ।
बेइमानीको जरो हामीले खन्नै पर्ने हुन्छ ।
सिधै या घुमाएर देश लुट्न खोज्छ भने
चोरलाई चोर दुनियाँ सामु भन्नै पर्ने हुन्छ ॥

२.
माया ममता रुपैयाँमा किन्न कहाँ सकिन्छ र ?
भावनाको अमीट नाता छिन्न कहाँ सकिन्छ र ?
तिमी कसैलाई भर गरेको आरोप लगाइरहेछौ
दुई दिन मै यहाँ मान्छेको मन चिन्न कहाँ सकिन्छ र ?

३.
गन्तव्य पुग्न गोरेटो मैले खन्नै पर्ने थियो ।
मुटु मिचेर भए पनि कडा बन्नै पर्ने थियो ।
सधैं तिम्रो प्रशंसा गरेर घर चल्दैन हाम्रो ।
सच्चिनुपर्छ भन्दै केही त भन्नै पर्ने थियो ॥

४.
अनुहारको सौन्दर्य रातो टीकाले फरक पार्दछ ।
जस्तो कि नेपाली अक्षर डिकाले फरक पार्दछ ।
सम्बन्ध दिगो भएन भनेर किन गुनासो गर्नु हौ ?
सम्बन्ध त त्यही बोलीको तरिकाले फरक पार्दछ ॥

५.
सबैसँग असल सम्बन्ध गाँसेकै राम्रो हुन्छ ।
सुन्दर तस्बिर आँखामा टाँसेकै राम्रो हुन्छ ।
धमिलो बनाउनु हुँदैन दुई दिनको चोलालाई
भेटघाट हुँदा तिमीले हाँसेकै राम्रो हुन्छ ॥

## कथा

पूजा शर्मा (प्रकृतिप्रेमी)



# ऊप्रतिको प्रेम

एउटा बिद्वानको सुझाब अझसम्म ताजा छ । बाँकी जे जति गर्नु छ गर्नु । किताब पढ्न नछोड्नु । जे पाइन्छ पढ्नु । एउटा किताब सुरु गरे पछि त्यसैले अर्कोतर्फ लिएर जाने रहेछ । एकएक किताब अनि जीवनमा एक एक झयाल बनेर खुल्ने रहेछन् ।

मयो बन्द कोठामा एउटा कुनामा सिरक ओडेर भित्ताको आड लिएकि छु । बत्तीले आफ्नो उज्यालो दिइरहेको छ । किर्तिपुर, यो सुनसान चिसो वातावरणमा कयौं रात यहि भित्ता, बत्ती र उसँग गन्थन गरेर बित्छ । ऊ सदैव मेरो साथमा हुन्छु भन्छ । मेरो छातिमा टाँसिन खोज्छ । ऊ मेरै छेउमा आएर मलाई सान्त्वना दिँदै भन्छ, 'चिन्ता नगर न ए !' । निदाउन नसकेको देखेर होला ऊ पनि चिन्तित देखिन्छ, किनकि भोलिपल्ट उसले धेरै कुराहरू सुझाउनु छ, मलाई ।

उसले मलाई सदैव साथ दिन्छ तर, म भने सांसारिक मायामा फसेर उसको मायालाई बेवास्ता गरिरहेछु । म त नदेखेको र नसुनेको जस्तै गर्छु । उसले भन्छ पाउनु मात्र माया होइन, गुमाउनु पनि माया हो ।

माया कसैलाई पाउने आशामा हुँदैन न त गुमाउनुपर्ने चिन्ता मै हुन्छ । स्वच्छन्द हुन्छ माया स्वतह हुन्छ जहाँ कुनै 'प्रोमिस'को आवश्यक पर्दैन । माया त्यो 'स्फटिक' हो जस्लाई कुनै स्पर्श को जरुरी हुदैन । हृदय देखिनै लिन हुनु नै वास्तविक प्रेम हो ।

उसले अझै थप्छ : वास्तविक प्रेम सर्बत्र हुन्छ तिमी नजिक हुदा जति माया हुन्छ दुरि बढेपनी उत्तिकै हुन्छ तनको पो दुरि बढ्छ मन त तिमिसंगै हुन्छ तिमी सधै मेरै आसपास भैरहन्छौ । यसरी उसले प्रेमको अर्थ बुझायो मलाई ।

सायद ऊ मलाई अत्यन्त चाहन्छ तर, म भने आफ्नै पिर, आफ्नै व्यथा र विगत सम्झेर बसिरहेकि छु । न त कसैलाई प्रेम गर्न सक्छु न त कसैले आफूँलाई गरेको प्रेमलाई म भने सदैव चिन्तित, निराश भएर उसलाई एक्लो पारिरहेछु । तर उ कहिल्यै एक्लो देखिँदैन थियो, सधै पुर्णिमाको जुन जस्तै मुस्कुराई रहन्थ्यो । त्यसैले गर्दा कताकता म उसकै समीप हराएको महसुस हुन्थ्यो । अब आशावादी हुनुपर्ने भयो, तिमीले गरेको प्रेमको कदर हुनुपर्छ । तिम्रो प्रेमको प्रस्ताव सहर्ष स्विकार छ । आउ अब खुलेआम एक अर्कालाई प्रेम गर्दै मनका वेदना भावना साटौं ।

म लठ्ठिन्छु, अर्धबेहोश हुन्छु । तिम्रो झझल्कोमा हराएर बेखबर हुन्छु दुनियासँग । मदिराभन्दा पनि कडा हुँदोरहेछ नि तिम्रो मात । मदिरा त पिउन छोडेपछि मात उत्रँदोरहेछ । तर, तिम्रो प्रेमले एकपटक मातेपछि बारम्बार बल्झिँदोरहेछ । नशा रहेछ नशा ।

नसोचेको कहाँ हो र ? स्मृतिका पत्रहरु छर्दै तिमीसामु आइपुगुँ , अनि तिम्रै वरिपरि बसेर ग्रन्थ लेखुँ । जहाँ हाम्रो प्रेममय कथा सार्वजनिक होस ।

छोडौ यी रामायण, मलाई धेरै माया गर्ने मेरो मायालु 'किताब' अबका दिन तिमीसँग हाँस्दै अविस्मरणीय बनाएर बिताउनेछु । तिम्रो छायामा नै यो जिन्दगी समर्पित गर्छु । हाम्रो प्रेमको फूलबारी रङ्गीचङ्गी बनोस् । यो कोपिलाइरहेको अनुराग फक्रियोस् र सर्वत्र अनुराग छरोस्, मेरो कामना यहि न हो ।

मेरो जीवन जे जस्तो छ, आनन्द र मुक्तिले भरिपूर्ण छ, चिन्ता छैन, तनाव छैन । एकएक क्षण जीवनका गीत गाउन योग्य छन् । मैले हिँडेको जीवनको यो बाटो किताबहरूले कोरिदिएका हुन् । तिनै भित्रका स साना अक्षरहरु मेरो हासोको कारण बन्छन् आजकाल ।

फिर्ता आएका किताब यसो निकालेर पल्टाउँछु । कुनै बेलाका प्रेमिहरूले मन पराएका हरफ । पक्कै मेरो बारेमा सोचेका हुँदा हुन् ती हरफहरूमा रंग पोत्दै गर्दा । आजभोलि पुराना किताब पल्टाउँदा पानाहरू भित्र सरस्वती लाई चढाएका फुलका थुङ्गा, कसैले जमानामा माया गरेर दिएका मयुरका प्वाँख मिठो स्मृति बोकेका एल्बम हुन लाग्छ । किताब उपहार दिनेहरू सुन्दर हुन्छन लाग्छ मलाई। किताबको बिच्चमा सुटुक्क मेरो नाम संग प्लस फलानो गरेर नाम लेखिदिने दिने साथि पनि कहाँ बिर्सन सक्छु र !

जब म तिमिमा घोत्लिइ महान व्यक्तिको जीवनी तथा लेखकद्धारा लेखिएको आख्यान पढ्छु, मेरा जीवनमा आउने कुनै पनि प्रकारको समस्यामा किताबमा बताए अनुसारको अनुभवलाई आफुमा लागु गर्न कोशिश गर्छु यसैले मलाई आफ्नो समस्याको हल गर्नको लागि धेरै कुराको मदतका साथै नयाँ नयाँ चुनौतिको सामाना गर्ने प्रेरणा पनि मिल्दछ । तिमिले नै सिकाएको होनि सपना देख्न । तिमि नै हो प्रकृतिको आदर गर्न अह्राउने । यस्तै कुराले त हृदय न्यानो हुदोरहेछ ।

एउटा बिद्वानको सुझाब अझसम्म ताजा छ । बाँकी जे जति गर्नु छ गर्नु । किताब पढ्न नछोड्नु । जे पाइन्छ पढ्नु । एउटा किताब सुरु गरेपछि त्यसैले अर्कोतर्फ लिएर जाने रहेछ । एकएक किताब अनि जीवनमा एक एक झ्याल बनेर खुल्ने रहेछन् ।

अब मेरा रात, मेरा चिन्तन, मेरा विचार अनि मेरा भावना सबै तिमीलाई नै सुनाउँला । तिमीसँगै रमाउँला, यो जिन्दगी अब तिमीलाई समर्पण गरुला । प्रेमले मानिसलाई परिवर्तन गराउँछ भन्थे, साँच्चै गराउने रहेछ । तिम्रो प्रेममा शक्ति हुनुपर्छ । मेरी प्यारो किताब अब तिम्रो र मेरो प्रेमको चर्चा चल्छ र हाम्रो प्रेम जगतका लागि उदाहरण बन्नेछ अनि सबैले हाम्रो मायाको अनुसरण गर्नेछन् ।

# बक्स अफिस समाचार

## कलाकर्मीहरुले गरे भव्यताका साथ युरोकपको बिदाइ







**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन

बक्स अफिस इन्टरनेशनल र बक्स अफिस फिल्मी क्लबको आयोजनामा विगत झैं नेपालमै कोपा अमेरिका तथा युरोकप समर्थक देशहरुका कलाकारहरुको भव्य फुटबल कार्यक्रम सम्पन्न भएको छ। ललितपुरको एन्फा एकेडमीमा युरोकपको ग्रान्ड फाइनलको २४ घण्टा अगाडि बक्स अफिसले आयोजना गरेको उक्त रमाइलो फुटबल कार्यक्रममा ब्राजिल समर्थक टिमको कप्तानी मोडल तथा संचारकर्मी समिर लामाले गरेका थिए भने कोपा अमेरिका कप २०२१ को फाइनल बिजेता अर्जेन्टिना समर्थक टिमको कप्तानी मोडल तथा नायक दिपक लामाले गरेका थिए।

त्यसैगरी युरोकपको फाइनल बिजेता इटलीको तर्फबाट अभिनेता धिरेन शाक्यले कप्तानी सम्हालेका थिए भने इङ्ल्यान्ड टिमको तर्फबाट राष्ट्रिय खेलाडी तथा नेपाली कथानक चलचित्र भकुन्डोका नायक अनिल गुरुङले जिम्मेवारी बहन गरेका थिए।

गत वर्षकै कोपा तथा युरोकपको मितिमा निकै हर्षोल्लासका साथ सरकारले जारी गरेको कोरोना महामारीमा सावधानी अपनाउँदै कोरोना महामारीको सम्पूर्ण नियम पालना गर्दै फिफा रेफ्रीले सञ्चालन गरेको पहिलो खेलमा अर्जेन्टिना नेपाली समर्थकबाट सुरज थापा, विप्लव खड्का, दिपक लामा, उद्धव प्रसाद भट्टराई, निरज रानामगर, कबिन्द्र तमाङ, मिथ्यल तमाङ, भरत बराइली, आमुल्य रानमगर, मनोज ओली, जीवन शाही, दिपेश एस के, राधा कृष्ण कटवाल, प्रेम शर्मा पौडेल, राजु सुवेदी, भुपेन्द्र घलान, विकास थापा मगर, आरती आचार्य, सोनिया बिसी, याङ्शु श्रेष्ठ लगायतले खेलमा सहभागिता जनाएका थिए।

त्यसैगरी ब्राजिल टिमबाट राज कुमार गोले, नबिन निरौला, रोशन श्रेष्ठ, रोम प्रधान, प्रकाश राइ, समिर लामा, चन्द्र कार्की, श्याम लिम्बु, राजन लाल नेपाली, सुजन महर्जन, पुरन गुरुङ, अंबिर गुरुङ, विकास गुरुङ, अर्जुन लामा, भिम श्रेष्ठ, राज कुमार घिसिङ, भिम गुरुङ, राहुल खड्का, मधु कार्की, लगायतले सहभागिता जनाएका थिए। कोपा अमेरिका कपमा ब्राजिल नेपाली समर्थकले अर्जेन्टिनी नेपाली समर्थकलाई १-० गोलले पराजित गरेका थिए।

त्यसैगरी दोस्रो चरणको युरोकपमा इङ्ल्यान्ड नेपाली समर्थक टोलीबाट राष्ट्रिय खेलाडी अनिल गुरुङको कप्तानीमा सुन्दर थापा, कलाकार लक्ष्मी आचार्य, प्रकाश महरा, तर थापा किम्भे, प्रकाश हमाल, गायिका सरस्वती लामालगायतले सहभागिता जनाएका थिए। त्यसैगरी इटली नेपाली समर्थकबाट अभिनेता धिरेन शाक्यको कप्तानीमा शंकर बिसी, बद्री पंगेनी, राजु ढकाल, कृष्ण रेउले, सुभाश मेचे, गोपाल ढकाल छन्दे, हरी डाँगी, हरि चन्द्र फुयाल, कमल खड्का, बासु फुयाल, डिबी मगर लगायतले सहभागिता जनाएका थिए।

निकै प्रतिस्पर्धात्मक तथा रोमान्चक खेलमा इटली समर्थक नेपाली कलाकार टोलीले इङ्ल्यान्ड समर्थक नेपाली कथानक चलचित्र भकुन्डोलाई १-० गोलले पराजित गरेको थियो।

प्रमुख अतिथि रमेश कुमार सिलवाल, बिशिष्ठ अतिथि अखिल नेपाल फुटबल संघका अध्यक्ष कर्मा छिरिङ्ग शेर्पा, उपाध्यक्ष सुन्दर थापा क्षेत्रीले विजेता कलाकर्मी टोलीलाई नगद १ लाख ५० हजार र सिल्ड प्रधान गरियो।

## सफलताको 'म हुँ नेपाली' सार्वजनिक




**काठमाडौं/मस-** विश्व कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठको शब्द, संगीत रहेको राष्ट्रिय भावको गीत 'म हुँ नेपाली' संगीतकार श्रेष्ठकी छोरी दश वर्षीया सफलता श्रेष्ठको स्वरमा भिडियो सहित सार्वजनिक भएको छ।

सफलताको स्वर र अभिनय रहेको गीतको भिडियो बिहीबार गोल्डेन क्रियशनको युट्युव च्यानलमार्फत सार्वजनिक गरिएको हो। अनामनगरस्थित नेपाल मेघा स्कुलमा कक्षा ६ मा अध्ययनरत सफलता आफ्नो बाबुकै पदचाप पछ्याउने छनक यो सार्वजनिक गीतले दिएको छ। सार्वजनिक गीत उनको पहिलो गीत हो।

देवेन्द्र नेवा:को संगीत संयोजन, हेम प्रभास अधिकारीको निर्देशन र समिर थोकरको कोरियोग्राफी रहेको भिडियो अजय रेग्मीले खिचेका हुन्।

## अभिनेत्री सुरेखा सीकरीको निधन



**काठमाडौं/एजेन्सी-** बलिउड र टिभी जगतकी चर्चित अभिनेत्री सुरेखा सीकरीको निधन भएको छ। मुम्बईमा छोराको साथमा बस्दै आएकी उनको शुक्रवार ७५ वर्षको उमेरमा निधन भएको हो। कार्डियक अरेस्टका कारण उनको निधन भएको भारतीय मिडियाले बताएका छन्। सिरियल 'बालिका वधू' मा अभिनय गरेपछि दर्शकको ठूलो वर्गमा चिनिएकी उनले हिन्दी फिल्ममा समेत काम गरेकी छन्।

सुरेखालाई यसअघि २०१८ मा पनि ब्रेन स्ट्रोक भएको थियो। यसपछि उनी प्यारालाइज्ड भएकी थिइन्। जसका कारण उनको रेखदेखका कारण नर्सलाई अप्वाइन्ट गरिएको थियो। अन्तिम पटक फिल्म 'बधाई हो' मा देखिएकी उनले यसपछि फिल्म र सिरियलमा काम पाउन छाडेकी थिइन्। उनले आफ्नो उपचारका लागि पैसा अभाव भएको भन्दै निर्मातासँग काम मागेकी थिइन्।

सुरेखाले केही समय अगाडि भनेकी थिइन्, 'विज्ञापनको अफर मेरो लागि काफी छैन, मलाई धेरै काम गर्नुपर्ने छ किनकि मेडिकल बिलका अलावा मेरो अरु पनि खर्च छ। मानिसहरुले मेरो आर्थिक मद्दत गर्ने कोशिश गरेका छन्, जसका लागि म निकै आभारी छु। तर, मैले कसैबाट कुनै प्रकारको सहयोग लिएको छैन। मलाई काम दिनुहोस्। म सम्मानपूर्वक पैसा आर्जन गर्न चाहन्छु।'

भारतीय थिएटर, फिल्म र टेलिभिजन दुनियाँमा ५० वर्ष बिताएकी सुरेखाले सन् १९७८ मा राजनीतिक ड्रामा 'किस्सा कुर्सी का' बाट फिल्ममा डेब्यू गरेकी थिइन्। तीन पटक राष्टिय अवार्ड जितेकी उनले हेमन्त रेगे नामका एक व्यक्तिसँग विवाह गरेकी थिइन्। तर, सन् २००९ मा उनका श्रीमानको आर्ट अट्याकका कारण निधन भयो। हेमन्तसँग उनको एक छोरा छन्, राहुल सीकरी।

## यश कुमारको 'तिम्रो मन बदलिएछ' नयाँ स्वरुपमा



**काठमाडौं/मस-** गायक यश कुमार र गायिका सपनाश्रीले २० वर्ष अघि एक गीत निकालेका थिए। गीतको बोल थियो 'तिम्रो मन बदलिएछ'। यही गीतलाई नै यश कुमारले नयाँ स्वरुपमा शुक्रबार सार्वजनिक गरेका छन्। नयाँ गीतमा यशलाई गायिका मिलन नेवारले स्वरमा साथ दिएकी छन्। गीतमा यशकै शब्द र संगीत रहेको छ।

गीतको भिडियोमा सागर लम्साल, प्रिज्मा-प्रिन्सी खतिवडा लगायत आकाश कार्की, जीवन नेपाल र रेशम बुढाथोकी कलाकारहरूको अभिनय देख्न सकिन्छ। यशले गीतले सबैको आ-आफ्नो भोगाइलाई छुने दाबी गरेका छन्। भिडियोमा बुद्ध थापा र उनको समूहको छायांकन, विकास धमलाको सम्पादन र रंग संयोजन, सरोज कुँवरको प्रोडक्सन र निकेश खड्काको कथा तथा निर्देशन छ।

गीतको भाव अनुसार त्रिकोणात्मक प्रेम कथामा भिडियो निर्माण भएको छ। कलाकार सागरको चाहना अनुसार यो गीतलाई नयाँ स्वरुपमा प्रस्तुत गरिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो। गायक यशले भने, 'सागर भाइलाई म्युजिक भिडियोको अफर धेरै छन्। तर, मानसिक रुपमा पनि, सिर्जनात्मक रुपमा पनि खुसी हुन सक्ने गीतको आवश्यक छ भनेपछि भाइले सूची बनाएका गीतबाट यस गीत छनोट गरिएको हो।'

गायक यशले यस गीत अहिलेपनि धेरैको यथार्थतासँग जोडिएको हुनाले रिमेकका लागि आफूहरुले यसलाई छनोट गरेको जनाए। उनले भने, 'मेरो मात्र होइन, जसले यो गीत सुन्नुभएको, मन पराउनुभएको छ। सोही कारण २० वर्षअघि जति लोकप्रिय थियो। अहिले पनि उत्तिकै लोकप्रिय छ।' उनी आफ्नो गीतलाई नयाँ रुपमा, नयाँ प्रविधीमा सार्वजनिक गर्न पाउँदा खुसी छन्। 'आफू नरहे पनि आफ्नो सिर्जना बाँचिराखोस् भन्ने हरेक सर्जकले चाहन्छ। यो मलाई बचाईराख्ने सिर्जना हो' उनले भने।

कलाकार सागरले आफूले सानैदेखि गुनगुनाउँदै आएको गीतको भिडियोमा काम गर्न पाउँदा एकदमै खुसी लागेको बताए। 'यस गीतको म बच्चैदेखि फ्यान थिएँ। सो समयदेखि नै कलाकार भएँ भने यो गीतमा काम गर्छु भन्ने सोच थियो' सागरले भने। प्रिज्मा-प्रिन्सीले यश कुमारको गीतमा अभिनय गर्न पाउने कुरा आफूहरुले नसोचेको बताउँदै काम गर्न पाउँदा एकदमै खुशी लागेको बताए।

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका केही **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७८ साउन १५ गते**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ।

**लेखा शाखा**
**मध्यान्ह मिडिया प्रा.लि.**
**बागबजार, काठमाडौं**
**फोन नं. : ४२२६३६६, ४२२८२९८**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**